# प्रेस विज्ञप्ति

मिति:२०७२।११।२१

निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी मसौदा विधेयकमाथि विभिन्न क्षेत्रका विज्ञहरुसँग अन्तरक्रिया गरिरहेको छ । यसै क्रममा आज नेपाल बार एसोसिएसनको सहकार्यमा संविधानविद्, कानून व्यवसायी वरिष्ठ अधिवक्ता र अधिवक्ताहरुसँग अन्तरक्रिया गरेको छ ।

अन्तरक्रिया कार्यक्रममा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले निर्वाचनको समग्र शुद्धता र व्यवस्थापनका लागि राजनीतिक दलसम्वन्धी एकीकृत कानून महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

प्रमुख आयुक्त डा. यादवले मसौदामा अझै पनि सुधारको आवश्यकता रहेकाले संसदमा प्रतिनिधित्व गर्ने दल लगायत सरोकारवालासंग थप छलफल गरिने बताउनुभयो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै माननीय निर्वाचन आयुक्त श्री इला शर्माले लोकतन्त्रको आत्मा भनेकै निर्वाचन भएकाले यसको प्रभावकारी व्यवस्थापनका लागि एकीकृत कानून निर्माण गर्न लागिएको बताउनुभयो । मस्यौदालाई अन्तिम रुप दिन कानूनविदहरुको सुझाव महत्वपूर्णहुने उल्लेख गर्नुभयो ।

लोकतन्त्रको विकास र यसलाई स्थायित्व प्रदान गर्न राजनीतिक दलहरुलाई कानूनद्वारा नियमन गरी जिम्मेवार बनाउन आवश्यक रहेको र एकीकृत कानूनको कार्यान्वयनले समग्रमा राजनीतिक दलहरुलाई नै फाइदा हुने उल्लेख गर्नुभयो ।

नेपाल बार एसोसिएसनका उपाध्यक्ष टिकाराम भट्टराईले दल विभाजनलाई बढावा दिने खालका प्रावधान हटाउनु पर्ने बताउनुभयो ।

विवाद निरुपणका लागि आयोगको निर्णय अन्तिम हुने प्रावधानलाई पनि कानूनमा समावेश गर्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

नेपाल बार एसोसिएसनका महासचिव सुनिलकुमार पोखरेलले राजनीतिक दलहरुमा हुने भ्रष्टाचार नियन्त्रण र दलहरुलाई जनताप्रति अझ जिम्मेवार बनाउन र राजनीतिक दलहरुप्रति जनताको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन पनि कानूनी सुधार आवश्यक रहेको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता डा. कुमार शर्मा आचार्यले राजनीतिक दलहरुको महाधिवेशका लागि ५ वर्षपछि ६ महिना म्याद थप गर्ने व्यवस्था संविधानमा उल्लेख गरिएकाले आयोगको पूर्व सहमति लिनु सट्टा आयोगलाई जानकारी गराएर ६ महिनाभित्र महाधिवेशन गर्न सक्ने व्यवस्था गर्नु प्रासंगिक हुने बताउनुभयो ।

वरिष्ठ अधिवक्ता हरिहर दाहालले पार्टीको आधिकारिकता सम्वन्धमा ४० प्रतिशत भन्दा कम प्रतिनिधित्व हुने समूहलाई छुट्टै समूह पहिचान हुने गरी दलदर्ता गर्न नहुने बताउनुभयो । एकैचोटि राजनीतिक दलको खारेजी भन्दा पनि दलको क्रियाकलापहरुको अनुगमन गरी शुरुमा निलम्बन गर्ने र समस्या सम्वोधन नभए मात्र खारेजी गर्ने जस्ता व्यवस्था हुनु पर्ने धारणा राख्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा २५ जना कानूनविदहरुको सहभागिता रहेको थियो ।


वासुदेव गुरागाईं

सहसचिव एवं प्रवक्ता

निर्वाचन आयोग